# एल.पि.ग्यास ढुवानी विनियमावली, २०७३

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय
बबरमहल

# नेपाल आयल निगम लिमिटेड
# एल.पि. ग्यास ढुवानी विनियमावली, २०७३

**प्रस्तावना** : सरल एवं सुरक्षित ढंगबाट एल.पि. ग्यास ढुवानीको लागि ढुवानीकर्ता नियुक्ति गर्ने कार्यलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले निगमको नियमावलीको नियम २२ को उपनियम (१४) ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिले यो विनियमावली बनाएको छ ।

१. **संक्षिप्त र प्रारम्भः** (१) यो विनियमावलीको नाम " एल.पि. ग्यास ढुवानी विनियमावली, २०७३" रहेको छ ।

(२) यो विनियमावली संचालक समितिबाट स्वीकृति भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा-

(क) "निगम" भन्नाले कम्पनी ऐन बमोजिम गठित नेपाल आयल निगम लिमिटेडलाई सम्झनु पर्छ ।

(ख) "संचालक समिति" भन्नाले निगमको संचालक समिति सम्झनु पर्छ ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले निगमको कार्यकारी निर्देशकलाई जनाउछ ।

(घ) "ग्यास" भन्नाले तरलीकृत पेट्रालियम (एल.पी.) ग्यास सम्झनु पर्छ ।

(ङ) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई निगमद्वारा आवद्धता प्रदान गरिएको एल.पी. ग्यास उद्योग (LPG Bottling Plant) सम्झनु पर्छ ।

(च) "सिलिण्डर" भन्नाले ग्यास सरल तरिकाले ओसार पसार गर्ने गुणस्तरयुक्त धातु वा फाइवरको भाँडोलाई जनाउँछ ।

(छ) "पि.डि.ओ." भन्नाले उद्योग संचालन गर्न एल.पी. ग्यास विनियमावली, २०६५ को विनियम ६ बमोजिम दिएको Product Delivery Order सम्झनु पर्छ ।

(ज) "बुलेट" भन्नाले एल.पी.ग्यास ढुवानी प्रयोजनको लागि प्रयोग हुने टैंक ट्रक लाई जनाउँछ ।

(झ) "ढुवानीकर्ता" भन्नाले निगमको एल.पी. ग्यास ढुवानी गर्ने प्रयोजनको लागि बुलेट उपलब्ध गराउने व्यक्ति/फर्म/कम्पनीको प्रवन्ध निर्देशक, संचालक वा निजले तोकेको अधिकृत प्रतिनिधि समेतलाई जनाउँछ ।

(ञ) "ढुवानी भाडा" भन्नाले एक स्थान देखि अर्को स्थान सम्म बुलेटबाट एल.पि. ग्यास ढुवानी गर्नको लागि निगमले समय समयमा निर्धारण गरेको भाडालाई जनाउँछ ।

(ट) "कारवाही" भन्नाले यस विनियमावली अन्तर्गत गरिने दण्ड सजाय समेतलाई जनाउँछ ।

(ठ)"आर्थिक वर्ष" भन्नाले श्रावण एक गते देखि आषाढ मसान्तसम्मको अवधिलाई जनाउछ ।

(ढ) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यो विनियमावली अन्तर्गत सूचित गरिएको आदेश वा निर्देशन तथा सञ्चालक समितिले यस सम्बन्धमा समय समयमा गरेका निर्णयहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "विशेष परिस्थिति" भन्नाले वन्द, हडताल वा अवरोधको कारणबाट उत्पन्न भएको परिस्थिति सम्झनु पर्छ र सो शव्दले कुनै खास प्राविधिक कारण, प्राकृतिक प्रकोप, आकस्मिक रुपबाट उत्पन्न परिस्थितिलाई समेत जनाउँछ ।

३. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) निगमको नामबाट पैठारी गरिने ग्यास ढुवानी गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीको आवेदनको लागि निगमले आवश्यकतानुसार समय समयमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम प्रकाशित सूचना अनुसार इच्छुक व्यक्ति/फर्म/कम्पनीले आवेदनसाथ विनियम ४ बमोजिमको कागजात राखि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम पर्न आएकौ आवेदन निगमको आवश्यकता भन्दा बढी संख्या भएमा ढुवानीकर्ताको छनौट गर्ने अधिकार निगममा रहनेछ ।

(४)उपविनियम (३) बमोजिम ढुवानीकर्ताको छनौट गर्दा निगमले देहायका आधारमा छनौट गर्नेछ :

(क) व्यक्ति/फर्म/कम्पनीको लगानी गर्ने क्षमता,

(ख) सञ्चालन गर्न चाहेको क्षेत्र,

(ग) नियमितता र निरन्तरताको प्रतिबद्धता ।

(५) उपविनियम (४) बमोजिम करारनामा भएका व्यक्ति/फर्म/कम्पनीको नाममा निगमले प्रोडक्ट डेलिभरी अर्डर (पि.डि.ओ.) जारी गर्नेछ। जारी भएको प्रोडक्ट डेलिभरी अर्डर (पि.डि.ओ.) अनुसार ग्यास ढुवानी गर्ने दायित्व ढुवानीकर्ताको हुनेछ ।

४. **ढुवानीकर्ताले आवेदनसाथ पेश गर्नुपर्ने कागजपत्रः** (१) ढुवानीकर्ता हुन ईच्छुक व्यक्ति/फर्म/कम्पनीले आवेदनसाथ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) व्यक्ति/फर्म/कम्पनीको हकमा प्यान दर्ता प्रमाणपत्र/आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) ढुवानी कार्यमा लगाउन चाहेको बुलेटको संख्या तथा क्षमता ।

(२) ढुवानीकर्ता हुन चाहने व्यक्ति/फर्म/कम्पनीसंग न्युनतम पाँच थान बुलेट हुनु पर्नेछ ।

तर, नेपाल सरकारको स्वामित्व भएको संस्था तथा एल.पि. ग्यास ढुवानी गर्न नेपाल सरकारबाट स्वीकृत प्राप्त संघ संस्थाको हकमा यो प्रावधान लागू हुने छैन ।

(३) निगमसंग करारनामा गरी सञ्चालनमा रहेका ढुवानीकर्ताले आफूसंग रहेको बुलेट प्रचलित कानून बमोजिम विक्री गरेमा ढुवानीकर्तासंग भएको करारनामा रद्द भएको मानिनेछ ।

तर, निगमको स्वीकृतिमा प्रचलित कानून बमोजिम नामसारी गरेको व्यक्ति/फर्म/कम्पनीले ग्यास ढुवानी करारनामाको लागि निगमसंग अनुरोध गरेमा निगमले त्यस्तो व्यक्ति/फर्म/कम्पनीसंग करारनामा गर्न सक्नेछ ।

५. **तोकेको मोडेल र क्षमता बमोजिम हुनुपर्ने**: (१) बुलेटको मोडेल निगमबाट स्वीकृत गरेको वर्षको मोडेल (ईस्वी संवत वा विक्रम सम्बत) वा सो भन्दा नया मोडेलको हुनुपर्नेछ ।

(२) ग्यास ढुवानी गर्ने बुलेट बाह्र मेट्रिक टन वा अठार मेट्रिक टन वा एक्काइस मेट्रिक टन क्षमताको हुनु पर्नेछ । सो प्रयोजनको लागि बुलेटको क्षमता उल्लेख भएको प्रमाणित कागजात ढुवानीकर्ताले निगम समक्ष पेश गर्नु पर्नेछ ।

(३) बुलेट निर्माण गर्दा अनुसूची-२ बमोजिमको शर्त पुरा गरेको हुनु पर्नेछ ।

६. **निवेदकले बुझाउनुपर्ने शुल्क**: (१) ढुवानीकर्ता छनौटको लागि प्रत्येक बुलेटको रु १५,०००।- (पन्ध्र हजार) रुपैया निवेदन शुल्क लाग्नेछ ।

(२) स्वामित्व परिवर्तन गर्न प्रत्येक बुलेटको लागि १५,०००।- (पन्ध्र हजार) रुपैयाँ निवेदन शुल्क लाग्नेछ ।

(३) रुट परिवर्तन गर्न प्रत्येक बुलेटको लागि १५,०००।- (पन्ध्र हजार) रुपैयाँ निवेदन शुल्क लाग्नेछ ।

७. **स्वीकृत लिनुपर्ने**: (१)निगमबाट ग्यास ढुवानी गर्न छनौट भएको व्यक्ति/फर्म/कम्पनीले बुलेट बनाउनु अघि निगमको स्वीकृत लिनु पर्नेछ । यस प्रयोजनका लागि छनौट भएको व्यक्ति/फर्म/कम्पनीले बुलेट बनाउन अनुसूची- ३ बमोजिमको ढाँचामा निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम स्वीकृति पाएको मितिले पन्ध्र महिनाभित्र बुलेट निर्माण गरिसक्नु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिमको अवधिभित्र बुलेट बनाउन नसकेमा अवधि थपको लागि कारण जनाई निगम समक्ष निवेदन दिन सक्नेछ । यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा निगमले वढीमा तीन महिनासम्म अवधि थप गर्न सक्नेछ ।

तर, थपिएको अवधिसम्ममा पनि बुलेट बनाई सञ्चालनको लागि निगम समक्ष निवेदन पेश नगरेमा छनौट भएको त्यस्तो व्यक्ति/फर्म/कम्पनीसंग निगमले करारनामा गर्ने छैन।

८. **करारनामा गरिने**: (१) विनियम ७ को उपविनियम (२) र (३) बमोजिमको अवधिभित्र बुलेट निर्माण गरी करारनामाको लागि निगम समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम दिएका निवेदनका सम्बन्धमा निरीक्षणका लागि निगमले प्राविधिक अधिकृत कर्मचारी खटाउनेछ । यसरी खटाइएको अधिकृत कर्मचारीले बुलेट निर्माण कार्य पुरा भएको भनि निगम समक्ष प्रतिवेदन दिएमा सो प्रतिवेदनको आधारमा निगम र ढुवानीकर्ताबीच अनुसूची-४ बमोजिम करारनामा हुनेछ ।

(३) निगम र ढुवानीकर्ता बीच हुने संझौताको म्याद एक वर्षको हुनेछ ।

९. **करारनामा परिवर्तन गर्न सकिने**: देहायको अवस्थामा निगमले व्यक्ति/फर्म/कम्पनीसंग ग्यास ढुवानीको लागि भएको करारानामा रद्ध गरी बुलेटको स्वामित्व परिवर्तन भएको व्यक्ति/फर्म/कम्पनीसंग करारनामा परिवर्तन गर्न सक्नेछ:-

(क) कुनै ढुवानीकर्ताको मृत्यु वा अंशवण्डा भै स्वामित्व परिवर्तन भएमा,

(ख) निगमको ढुवानीकर्ताबाट अन्य व्यक्ति/फर्म/कम्पनीको नाममा बुलेटको स्वामित्व परिवर्तन भएमा,

(ग) निगमको कुनै ढुवानीकर्ताले आफ्नो नामको बुलेट अन्य व्यक्ति/फर्म/कम्पनीलाई स्वामित्व परिवर्तन गरी नामसारी गरिदिएमा र नामसारी भएको ढुवानीकर्ता सँग विनियम ४ को उपविनियम (२) बमोजिम बुलेटको न्यूनतम संख्या भएमा,

(घ) खण्ड (ख) र (ग) अनुसार स्वामित्व परिवर्तन गर्दा विनियम ६ को उपविनियम (२) बमोजिमको शुल्क लाग्नेछ ।

तर, खण्ड (क) को परिस्थिति सृजना भई करारनामा परिवर्तन गर्नु परेमा कुनै शुल्क लाग्ने छैन ।

(ङ) यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि निगसँग करारनामा गरी ग्यास ढुवानी गरिरहेको व्यक्ति/फर्म/कम्पनीले निगमको स्वीकृति विना आफ्नो बुलेट अन्य व्यक्ति/फर्म/कम्पनीलाई नामसारी गर्न पाउने छैन ।

१०. **निगमको मात्र ग्यास ढुवानी गर्नु पर्ने**: ग्यास ढुवानी गर्ने ढुवानीकर्ताले निगमको मात्र ग्यास ढुवानी गर्नु पर्नेछ ।

११. **तोकिएको क्षेत्रमा मात्र ढुवानी गर्नु पर्ने** : (१) ढुवानीकर्ताले ढुवानी गर्न अनुमति प्राप्त गरेको क्षेत्रमा मात्र ढुवानी गर्नु पर्नेछ ।

तर, निगमले आवश्यक ठानेमा तोकिएको स्थान बाहेक अन्य स्थानमा पनि ग्यास ढुवानी गर्न/गराउन आदेश वा निर्देशन दिन सक्नेछ । यसरी दिएको आदेश वा निर्देशन बमोजिम ढुवानी गर्नु ढुवानीकर्ताको दायित्व हुनेछ ।

(२) कुनै क्षेत्रमा ढुवानी गर्ने गरी करारनामा गरेको ढुवानीकर्ताले ढुवानी गर्ने आफ्नो रुट परिवर्तन गर्न चाहेमा निगम समक्ष रुट परिवर्तन गर्न चाहेको कारण उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम दिएको निवेदन मनासिव देखिएमा निगमले विनियम ६ को उपविनियम (३) बमोजिम शुल्क लिई रुट परिवर्तन गर्न सक्नेछ । तर वर्षमा एक पटक भन्दा वढी रुट परिवर्तनको अनुमति दिइने छैन ।

१२. **करारनामा नवीकरण**: (१) ढुवानी करारनामा नवीकरण निवेदन दस्तुर प्रति बुलेट दुई हजार रुपैया लाग्नेछ। करारनामा अवधि समाप्त भएपछि नवीकरण नगराएको व्यक्ति/फर्म/कम्पनीबाट ढुवानी गराइने छैन ।

(२) विनियम ८ को उपविनियम (३) बमोजिमको करारनामाको म्याद भुक्तान हुनु एक महिना अगाडी उपविनियम (१) बमोजिमको शुल्क बुझाई करारनामा नवीकरणको लागि अनुसूची-५ बमोजिमको फाराम भरी निगम समक्ष निवेदन दिनु पर्नेछ । करारनामाको अवधि समाप्त भएको एक महिना भित्र प्रति बुलेट पाँच हजार रुपैयाँ शुल्क लिई नवीकरण गर्न सकिनेछ । सो अवधि भित्र पनि नवीकरण नगराएमा तीन महिनासम्म ढुवानी कार्यमा वन्देज लगाईनेछ । सो पश्चात पनि नवीकरण नगराएमा करारनामा खारेज गरिनेछ ।

(३) उपविनियम (२) बमोजिम करारनामा नवीकरण गर्दा ढुवानीकर्ताको विगतको कार्यसम्पादन, बुलेटको भौतिक अवस्था, कामको गुणस्तर तथा ढुवानीकर्तालाई यस विनियमावली बमोजिम विगतमा गरिएको कारवाही समेतलाई ध्यान दिइनेछ ।

१३. **<u>बुलेटको उपयुक्तता परिक्षण (Fitness Test)</u>:** (१) ढुवानीकर्ताले आफ्नो बुलेट चालु अवस्था (Good Working Condition) मा राख्नु पर्नेछ ।

(२) बुलेटको आयु वीस वर्ष भएको मानिनेछ । सो भन्दा पुरानो बुलेटबाट निगमले ग्यास ढुवानी गराउने छैन । यसरी आयू समाप्त भई ढुवानीकर्तासंग विनियम ४ को उपविनियम (२) बमोजिमको संख्यामा बुलेट नभए पनि बाँकी बुलेटबाट ढुवानी गराउन कुनै वाधा पुग्ने छैन ।

(३) ढुवानीकर्ताले आफ्नो बुलेटको उपयुक्तता परीक्षण (Fitness Test) प्रत्येक वर्ष निगम वा निगमबाट तोकिएको विज्ञद्वारा गराउनु पर्नेछ । उपयुक्तता परीक्षण (Fitness Test) मा उत्तिर्ण नहुने बुलेटबाट उपयुक्तता परीक्षण (Fitness Test) उतीर्ण नहुन्जेलसम्म ढुवानी कार्यमा प्रयोग गरिने छैन ।

तर, उपयुक्तता परीक्षण (Fitness Test) मा उतीर्ण भए पनि उपविनियम (२) बमोजिमको अवधि व्यतित भईसकेका बुलेटबाट ढुवानी कार्य गराइने छैन ।

१४. **<u>निगमको अधिकार</u>:** ग्याँस ढुवानी सम्बन्धमा निगमको देहाय बमोजिमको अधिकार हुनेछः-

(क) ग्यास लोड हुने डिपो/टर्मिनल/रिफाइनरी/प्लाण्टबाट निगमको नाममा ग्यास पैठारी गरिनेछ । नेपाल प्रवेश पछि सो ग्यास निगमको आफ्नो भण्डारणमा अनलोड गर्ने वा कर विजक जारी गरी सम्बन्धित उद्योगमा पठाइनेछ ।

(ख) डिपो/टर्मिनल/रिफाइनरी/प्लाण्टदेखि निगमको भण्डारण वा कर विजक जारी गर्ने निगमको कार्यालयसम्मको ढुवानी भाडा निगमले व्यहोर्नेछ र कर विजक जारी गर्ने कार्यालयदेखि सम्बन्धित एल.पि. ग्यास उद्योगसम्मको ढुवानी भाडा सम्बन्धित उद्योगले व्यहोर्नु पर्नेछ ।

(ग) ढुवानीकर्ताको बुलेटमा भएको ग्यास तथा ग्यासको परिमाण एवं गुणस्तर कुनै पनि स्थान र समयमा निगमले जाँच गर्न सक्नेछ ।

(घ) ढुवानीकर्ताले ग्यास लोड गर्दा बुझिलिएको परिमाण तथा गुणस्तर बमोजिम तोकिएको स्थान र समयमा ग्यास नबुझाएमा निगमको प्रचलित नियम, विनियम अनुसार कारवाही हुनेछ

(ङ) ग्यास ढुवानी गरेवापतको ढुवानी भाडा निगमले समय समयमा तोके बमोजिम हुनेछ । ढुवानी भाडा तय गर्दा लिइने अवयवहरू (Components) समय अनुकुल निगमले परिवर्तन गर्न सक्नेछ ।

(च) विशेष परस्थितिमा बुलेट ढुवानी कार्यमा रोक लगाउन वा नियन्त्रण गर्न सक्नेछ । निगमलाई आवश्यक परेको खण्डमा संचालक समितिको स्वीकृत लिई अस्थायी ढुवानीकर्ता नियुक्त गरी तदर्थ (Adhoc) रुपमा बुलेट संचालन गर्न/गराउन सक्नेछ ।

(छ) यस विनियमावली बमोजिमको दायित्व पालना नगर्ने ढुवानीकर्तालाई यस विनियमावली बमोजिम कारवाही गर्ने अधिकार निगममा सुरक्षित रहनेछ ।

(ज) बुलेटमा लोड भएको ग्यासको परिमाण ढुवानी नोक्सानी बाट हुने परिमाण बाहेक बुलेटमा लोड भएको परिमाणको शून्य दशमलव दुई पाँच (०.२५) प्रतिशत भन्दा कम फरक भएमा सो पदार्थको प्रचलित खुद्रा मूल्य अनुसार र सो भन्दा वढी भएमा दुई गुणा बढी मुल्य ढुवानीकर्ताबाट असूल गरी सो बुलेट र बुलेट चालकलाई ढुवानी कार्यमा बन्देज लगाइने छ ।

(झ) स्वीकृत क्षमता भन्दा वढी ग्यास लोड गरेमा वा डिपोभित्र ग्यास लोड लिई आएका बुलेट पूरै खाली नगरी वदनियतपूर्वक बाहिर फर्काइ लान खोजेमा त्यस्ता बुलेट चालक र बुलेटलाई पहिलो पटक तीन महिना ढुवानी कार्यमा बन्देज लगाउने सकिनेछ ।

(ञ) ग्यास ढुवानी गर्ने बुलेटमा कुनै पनि स्वीकृत मापदण्ड बाहेकका अन्य फिटिङ्गस जडान गरेको भेटिएमा सो कार्यबाट निगमलाई भएको हानी नोक्सानीको दोब्बर रकम ढुवानीकर्ताबाट असुल उपर गरी सो बुलेट र  बुलेट चालकलाई निगमको ढुवानी कार्यमा बन्देज लगाउन सकिनेछ ।

(ट) बजारमा ग्यासको खपत, स्थान एवं बजारको अवस्था हेरी कुन ग्यास उद्योगलाई कति परिमाण ग्यास उपलब्ध गराउने हो सो को निर्णय गर्ने अधिकार निगममा रहनेछ ।

(ठ) ढुवानीकर्ताले मनासिफ माफिकको कारण परेको अवस्थामा बाहेक  तोकिएको स्थानमा यथासमयमा ग्यास नबुझाएमा निगमले उक्त बुलेट र ढुवानीकर्तालाई निलम्बन गर्न सक्नेछ ।

(ड) निगमले ढुवानीकर्तालाई करारनामामा तोकिएको स्थान बाहेक अन्य स्थानमा पनि आवश्यकता अनुसार ग्यास ढुवानी गर्न गराउन आदेश वा निर्देशन दिन सक्नेछ ।

१५. <u>ढुवानीकर्ताको दायित्व</u> : ग्यास ढुवानीकर्ताको देहायको दायित्व हुनेछः -

(क) बुलेटमा लोड भएको ग्यास निगमले तोकेको स्थानसम्म सुरक्षितसाथ ढुवानी गर्ने ।

(ख) ढुवानीकर्ताले एल.पि.ग्याँस विनियमावली,  २०६५ र पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ मा उल्लेख भएका प्रावधान तथा निगमको प्रचलित नियम कानून पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(ग) नेपाल सरकार र निगमले समय समयमा दिएको आदेश वा निर्देशन पालना गर्नु पर्नेछ ।

(घ) निगमले निर्धारण गरेको ढुवानी भाडामा ग्यास ढुवानी गर्नु पर्नेछ ।

१६. <u>बुलेट, चालक र ढुवानीकर्ता निलम्वनमा रहने</u>: देहायको अवस्थामा बुलेट, चालक र ढुवानीकर्तालाई तीन महिना निलम्वनमा राख्न  रहन सकिनेछः -

(क) ढुवानीकर्ताले ढुवानी गर्न डिपो/टर्मिनल/रिफाइनरी/प्लाण्टबाट बुझी लिएको ग्यासको गुणस्तरमा फरक परेमा,

(ख) कुनै बुलेटले निगममा बुझाउनु अघि बाटोमा वा अन्य ठाउँमा ग्यास चोरी गर्दा कै अवस्थामा फेला परेमा,

(ग) बुलेटबाट असम्बन्धित पदार्थ ढुवानी गरे, गराएमा,

(४) विनियम १० विपरितको कार्य गरेमा,

(५) विनियम १४ को खण्ड (ज), (झ) र (ञ) बमोजिमको शर्त उल्लघन गरेमा,

(६) विनियम १५ मा उल्लेख भएको दायित्व पालना नगरेमा ।

१७. <u>निलम्वन फुकुवा</u>: विनियम १६ बमोजिम निलम्वनमा परेको ग्यास ढुवानीकर्ताले निलम्वन फुकुवा गर्न निगम समक्ष निवेदन दिन सक्नेछ । यसरी दिएको  निवेदन उपर छानविन गर्दा दोषी नदेखिएमा निगमले निलम्वन फुकुवा गर्न सक्नेछ ।

१८. ढुवानीकर्ता खारेज गर्न सकिने : देहायको अवस्थामा निगमले ढुवानीकर्ता खारेज गर्न सक्नेछ: -

(१) निगमले दिएको आदेश, निर्देशनको पालना ढुवानीकर्ताबाट नभएमा,

(२) निगमको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ बमोजिम खारेज हुने अवस्था भएमा,

(३) अवैध कारोबार गरेको कुरा प्रमाणित भएमा,

(४) झुठ्ठा कागजात पेश गरेको ठहरिएमा,

(५) दोश्रो पटक विनियम १४ को खण्ड (ज), (झ) र (ञ) बमोजिमको शर्त उल्लघन गरेमा,

तर, ढुवानीकर्ताबाट खारेज गर्नु पूर्व सम्बन्धित ढुवानीकर्तालाई निगमले सफाई पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ । सो अवधिभित्र सफाई नदिएमा वा दिएको सफाई सन्तोषजनक नभएमा ढुवानीकर्तालाई खारेज गरिने छ ।

१९. निगमको निर्णय विरुद्ध उजुरीः (१) यस विनियमावली बमोजिम निगमले गरेको कुनै काम वा निर्णय वा दिएको निर्देशनबाट मर्का पर्ने ढुवानीकर्ताले त्यस्तो काम वा निर्णय वा निर्देशन दिएको मितिले पैतीस दिनभित्र कार्यकारी निर्देशक मार्फत संचालक समिति समक्ष मर्का पर्नाको प्रमाण वा आधार उल्लेख गरी उजुरी गर्न सक्नेछ ।

(२) सञ्चालक समितिमा पेश भएको उजुरी उपर एक महिनाभित्र सञ्चालक समितिले निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम परेको उजुरीका सम्बन्धमा संचालक समितिको निर्णय अन्तिम हुनेछ ।

२०. यस विनियमावलीको व्याख्याः यस विनियमावलीको व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

२१. निर्देशन दिन सक्नेः यस विनियमावलीको उद्देश्य कार्यान्वयनको लागि समय-समयमा सञ्चालक समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

२२. बाधा अड्काउ फुकाउने अधिकारः यस विनियमावलीको कार्यान्वयन गर्न कुनै वाधा, अड्काउ परेमा सञ्चालक समितिबाट वाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. बचाउः यो एल.पी. ग्यास ढुवानी विनियमावली, २०७३ प्रारम्भ हुनु अगाडी भए गरेका काम कारबाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(विनियम ३ को उपविनियम (२) संग सम्बन्धित)

**ढुवानीकर्ताले दिने निवेदनपत्रको ढाँचा**

मिति : ................

श्री नेपाल आयल निगम लि.,
केन्द्रीय कार्यालय, बबरमहल ।

विषय : ढुवानीकर्तामा छनौट गर्ने बारे ।

निगमको एल.पि. ग्यास ढुवानी विनियमावली, २०७३ को विनियम ३ बमोजिम प्रकाशित सूचना अनुसार निगमको नामबाट एल.पि. ग्यास ढुवानी गर्न व्यक्ति/फर्म/कम्पनी इच्छुक भएकोले ग्यास ढुवानी गर्न छनौट गरी पाउँ भनि विनियमावलीको विनियम ४ बमोजिम आवश्यक कागजात संलग्न गरी विनियमावली बमोजिम लाग्ने दस्तुर सहित यो निवेदन दिएको छु/छौं ।

**संलग्न :**

(क) व्यक्ति/फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ख) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी,
(ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**निवेदक,**

व्यक्ति / फर्म / कम्पनीको नामः-
दस्तखत :-
ठेगाना :-
सम्पर्क फोन नं :-

अनुसूची-२

(विनियम ५ को उपविनियम (३) सँग सम्बन्धित)

## <u>बुलेट बनाउदा पुरा गर्नुपर्ने शर्तहरु (**Criteria**)</u>

१. बुलेटको मोडेल निगमबाट स्वीकृत गरेको वर्षको मोडेल (ईस्वी संवत वा विक्रम सम्बत) वा सो भन्दा नया मोडेलको हुनुपर्नेछ,

२. अनिवार्य रुपमा सेतो रंगमा Epoxy Paint (इपिकोट) गर्नु पर्नेछ,

३. बुलेटको बाहिरी भागमा निगमले उपलब्ध गराएको नमूना बमोजिम रङ्गरोगन हनु पर्नेछ,

४. रोड परमिट हुनुपर्नेछ,

५. जाँचपास भएको हुनुपर्नेछ,

६. वार्निङ्ग लाईट हुनु पर्नेछ,

७. बुलेटको नक्सा हुनु पर्नेछ,

८. कर तिरेको प्रमाण हुनु पर्नेछ,

९. स्पार्क एरेष्टर हुनु पर्नेछ,

१०. ५ मिटर लामो अर्थिङ वायर विथ क्रोकोडाइल क्लिप हुनु पर्नेछ,

११. डवल पोल वाईरिङ्ग हुनु पर्नेछ,

१२. सेल्फ स्टार्टर हुनु पर्नेछ,

१३. इमरजेन्सी भल्व हुनु पर्नेछ,

१४. उपयोग गर्न सकिने अग्नि नियन्त्रक यन्त्र (DCP Fire Extinguisher) हुनु पर्नेछ,

१५. फ्यूजिवल प्लग हुनु पर्नेछ,

१६. सबै वाइरिङ्ग फ्लेम प्रुफ हुनु पर्ने,

१७. फ्यूल टैंक गार्ड हुनु पर्नेछ,

१८. व्याट्री तथा व्याट्री टर्मिनल सुरक्षित तरवले राखिएको हुनु पर्नेछ,

१९. केविन र बुलेटको डिजाईन तथा नाप नक्शा बमोजिम हुनु पर्नेछ,

२०. बुलेटको बिमा भएको पोलिसी पेश गर्नु पर्नेछ ।

२१. एल.पि.जि ढुवानी गर्ने बुलेट ग्याँस पैठारी गर्ने मुलुकको एक्सप्लोसिभ (Explosive) नियमानुसार भएको हुनु पर्नेछ र सोको विवरण निगममा पेश गर्नु पर्नेछ,

२२. Anti Brake Locking System (ABS) हुनु पर्नेछ ।

अनुसूची-३

(विनियम ७ को उपविनियम (१) संग सम्बन्धित)

## बुलेट राख्न स्वीकृति तथा ढुवानीकर्ता नियुक्ती सम्बन्धमा दिइने निवेदनको ढाँचा

मिति :-

श्री नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल ।

विषय : एल.पि.ग्यास ढुवानी गर्ने बुलेट राख्ने स्वीकृति तथा ढुवानीकर्तामा नियूक्ती बारे ।

त्यस निगमको नियम तथा निर्देशन अनुसार एल.पि. ग्यास ढुवानी गर्ने गरी नेपाली नम्बरको बुलेट बनाई ढुवानी गर्न इच्छुक भएकोले एल.पि. ग्यास ढुवानी गर्ने बुलेट बनाउने स्वीकृतिको साथै एल.पि. ग्यास ढुवानी गर्न निगमको ढुवानीकर्तामा नियुक्तिका लागि निम्नानुसारको व्यहोरा खुलाई निवेदन शुल्क सहित अनुरोध गरेको छु/छौ । उल्लेखित व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे वा फरक परेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

१. एल.पि.ग्यास ढुवानी गर्ने गरी बुलेट राख्न चाहने व्यक्ति/फर्म/कम्पनीको नाम … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

२. एल.पि.ग्यास ढुवानी गर्ने गरी बुलेट राख्न चाहने व्यक्ति/फर्म/कम्पनी रहेको स्थान … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

३. एल.पि.ग्यास ढुवानी गर्न चाहेको बुलेटको विवरण:

| सि.नं. | क्षमता (मे.टन) | संख्या | संचालन गर्न चाहेको रुट | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संलग्न :

(क) फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ख) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
(ग) संचालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

कवुलियतनामा

एल.पि. ग्यास ढुवानी विनियमावली, २०७३; निगमको एल.पि.ग्यास विनियमावली, २०६५ (संशोधन समेत), टैंङ्क ट्रकबाट पेट्रोलियम पदार्थ ढुवानी नियमावली २०७३ र पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४ मा उल्लेख भएका प्रावधान तथा निगमको प्रचलित नियम कानूनको पूर्ण रुपमा पालना गर्ने गराउने मन्जुरी गर्दछु/छौ ।

| फर्म/कम्पनीको छाप | निबेदक<br>व्यक्ति/फर्म/कम्पनीको नाम :-<br>प्रोप्राईटरको नाम :-<br>दस्तखत :-<br>ठेगाना :<br>सम्पर्क फोन नं :-<br>मोबाइल नं. :<br>सम्पर्क email :- |
|---|---|

अनुसूची-४

(विनियम ८ को उपविनियम (२) सँग सम्बन्धित)

**बुलेटबाट एल.पि. ग्यास ढुवानी गर्ने करारनामा (सम्झौता)**

श्री नेपाल आयल निगम लिमिटेड (यस पछि यस करारनामामा निगम भनिएको) र श्री ..................................................... (यसपछि यस करारनामामा ढुवानीकर्ता भनिएको) बीच मिति ..............मा नेपाल आयल निगम लिमिटेडको केन्द्रीय कार्यालय, बबरमहलमा यो करारनामा भएको हो । ढुवानीकर्ता एल.पी. ग्यास ढुवानी गर्ने प्रयोजनको लागि बुलेट उपलब्ध गराउने व्यक्ति/फर्म/कम्पनीका प्रवन्ध निर्देशक, संचालक वा निजले तोकेको अधिकृत प्रतिनिधि र निगमकोबीच एल.पि. ग्यास सुव्यवस्थित ढंगले ढुवानी गर्नका निमित्त देहाय बमोजिमका शर्तहरू पालना गर्ने गरी यो करारनामा गरिएको छ ।

१. ढुवानीकर्तालेे करारनामा भएको मिति देखि करारनामाको अवधिसम्म बुलेटहरु मर्मत सम्भार गरी चालू हालतमा राख्नु पर्ने छ । साथै ढुवानीकर्ताले वार्षिक रुपमा वुलेटको उपयुक्तता परीक्षण (Fitness Test) गर्नु पर्ने छ । साथै वुलेटको नियमित रंग रोगन तथा ईपिकोट गर्नु पर्ने छ । परीक्षण उत्तीर्ण नहुने बुलेटलाई उपयुक्तता परिक्षण उत्तीर्ण नहुन्जेलसम्म ढुवानी कार्यमा लगाइने छैन ।

२. करारनामाको अवधिभर निगमको लिखित अनुमती विना ढुवानीकर्ताले बुलेट निगमको काम वाहेक अरु काममा प्रयोग गर्न पाउने छैन ।

३. निगमले निर्धारण गरेको भाडा दर अनुसार निगमले ढुवानीकर्तालाई ग्यास ढुवानी गरे वापत ढुवानी भाडा दिनेछ ।

४. ढुवानीकर्ताले निगमको ग्यास ढुवानी गरेको भाडा भुक्तानीको लागि तोकिएको ढाँचामा विवरण फाराम भरी आवश्यक कागजात संलग्न राखी निवेदन सहित निगमको सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. निगमसंग करारनामा गरी ग्यास ढुवानी गर्न बुलेट संचालन गर्दा लाग्ने देहाय वमोजिमका सबै खर्च ढुवानीकर्ताले नै व्यहोर्नु पर्नेछ । यसमा निगमको कुनै उत्तरदायित्व हुने छैन ।

   (क) ढुवानीकर्ताको कर्मचारी, चालक, सह-चालकहरूको मासिक तलव खुराकी सुविधा लगायत अन्य खर्चहरू,

   (ख) बुलेटमा लाग्ने इन्धन खर्च आदि,

   (ग) बुलेटको मर्मत सम्भार खर्च,

   (घ) बुलेटको नियमानुसार लाग्ने शुल्क,कर र नवीकरण दस्तुर आदी,

   (ङ) बुलेटको वीमा तथा चालक, सह-चालकको वीमा खर्च,

   (च) अन्य भैपरि आउने सवै खर्च ।

६. ग्याँस ढुवानी गर्दा नेपाल सरकारको प्रचलित कानून, नियम तथा आदेश उल्लंघन गरे वापत कुनै दण्ड सजाय वा जरिवाना तिनु पर्ने भएमा ढुवानीकर्ताले नै व्यहोर्ने छ । नेपाल तथा अन्य

देशको भूमिमा बुलेट चलाउँदा ढुवानीकर्ताले सो देशको एल.पि. ग्यांस ढुवानी सम्वन्धी ऐन, कानूनको पालना गर्नु पर्नेछ र बुलेट ग्यास ढुवानी गर्न योग्य छ वा छैन भन्ने विषयमा ग्यास पैठारी गर्ने मुलुकको एक्सप्लोसिभ सम्वन्धी ऐन, कानून अनुसारको प्रमाण-पत्र हासिल गरेको हुनु पर्नेछ ।

७. कुनै पनि हानी नोक्सानी, आगलागी, चुहावट, विस्फोटन, लोडिङ्ग वा अनलोडिङ्ग गर्दा दुर्घटना भई निगमका कर्मचारी वा ढुवानीकर्ताको कर्मचारी वा अन्य कुनै तेश्रो व्यक्तिलाई चोट पटक लागेमा ढुवानीकर्ता नै जिम्मेवार हुनेछ । दुर्घटनाबाट भएको चोटपटकको औषधि उपचार खर्च सबै ढुवानीकर्ताले व्यहोर्नु पर्नेछ । कुनै किसिमको लापरवाही वा उपेक्षा वा अयोग्यतापूर्ण कार्यको फलस्वरुप ढुवानीकर्ता वा निजको कर्मचारीले निगमको सम्पत्तिको हानी नोक्सानी पुऱ्याएमा ढुवानीकर्ता जिम्मेवार हुनेछ । यसरी पुऱ्याएको हानी नोक्सानीको सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार निगममा रहनेछ । निगमले निर्धारण गरे बमोजिम हानी नोक्सानी वापतको रकम ढुवानीकर्ताले पैतीस दिनभित्र निगमलाई बुझाउनु पर्नेछ ।

८. ढुवानीकर्ताले निगमलाई देहाय बमोजिमको हानी नोक्सानी बापत सोधभर्ना गर्नु पर्नेछः-

(क) ढुवानीकर्ताको कारण वा लापरवाहीले नेपाल सरकारबाट वा स्थानीय अधिकारीहरूबाट जफत भएमा जफत भए जति ग्यासको परिमाण वा सो को मूल्य,

(ख) प्राकृतिक प्रकोपको कारण वा ग्यास भर्दा वा खालीगर्दा वा ढुवानी गर्दाको अवस्थामा नोक्सानी भएमा वीमा कम्पनीबाट असूल हुने वाहेकको नोक्सानी भएजति परिमाण,

९. कुनै किसिमको दुर्घटना, आगजनी, भवितव्य वा असामाजिक कार्यबाट ग्यासको हानी नोक्सानी हुन गएमा सोको प्रमाण ढुवानीकर्ताले पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएको प्रमाणलाई मान्यता दिने वा नदिने सम्वन्धमा निर्णय गर्ने पूर्ण अधिकार निगममा रहनेछ ।

१०. बिल/चलानीमा तोकिएको परिमाण तथा गुणस्तर अनुसारको ग्यास सोही परिमाण तथा गुणस्तरमा तोकेको ठाउँसम्म पुऱ्याउने जिम्मेवारी ढुवानीकर्ताको हुनेछ ।

११. ढुवानीकर्ताको चालक, कामदारको कारण ग्यास लोड/अनलोड तथा ढुवानी गर्दा लापरवाहीवश कुनै हानी नोक्सानी भएमा सो हानी नोक्सानी भएको क्षतिपूर्ति ढुवानीकर्ताले नै व्यहोर्नु पर्नेछ ।

१२. बुलेटहरूमा सिल (Lock) लगाउनु भन्दा पहिले ढुवानीकर्ताको चालक वा कर्मचारी बुलेटमा रहेको पदार्थको नाप तथा परिमाण तथा गुणस्तरबारे पूर्ण रुपले निश्चित हुनु पर्नेछ । बुलेटमा लोड भएको ग्यासको परिमाण ढुवानी नोक्सानी बाट हुने परिमाण बाहेक शुन्य दशमलव दुई पाँच (०.२५) प्रतिशत भन्दा कम फरक भएमा सो पदार्थको प्रचलित खुद्रा मूल्य अनुसार र सो भन्दा वढी फरक परेमा दुई गुणा बढी मूल्य ढुवानीकर्ताबाट असूल गरी सो बुलेट र बुलेट चालकलाई ढुवानी कार्यमा बन्देज लगाउन सकिनेछ ।

१३. ग्यास लोड भएको डिपो/टर्मिनल/रिफाइनरी/प्लाण्ट आदीबाट बुलेट चलानी भएपछि निश्चित समय भित्र तोकेको ठाउँमा ग्यास पुऱ्याउने जिम्मेवारी ढुवानीकर्ताको हुनेछ । आफ्नो नियन्त्रण भन्दा बाहिरको कुनै खास कारण परि निश्चित स्थानमा पुग्न ढिलाई हुने भएमा ढुवानीकर्ताले बुलेटको उचित सुरक्षा गरी निगमको सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

१४. निगमले बुलेटलाई कति चलाईने छ भनी न्यूनतम माईलको ग्यारेन्टी दिने छैन र महिनै पीच्छै कम्तीमा कति बुलेट प्रयोग ल्याइने छ भन्ने पनि कुनै ग्यारेन्टी दिने छैन ।

१५. कुनै पनि अतिरिक्त भाडा नतिरी ढुवानीकर्ताको खाली फर्किन लागेको बुलेटलाई निगमले आफ्नो उपयोगमा ल्याउन सक्नेछ ।

१६. निगमको सम्पति एवं तेश्रो पक्षको क्षति प्रतिको वीमा (Third Party Insurance) वापत ढुवानीकर्ताले आफ्नो बुलेटको वीमा कुनै प्रतिष्ठित वीमा कम्पनीद्वारा गराउनु पर्नेछ ।

१७. ढुवानीकर्ताले सवै भन्दा छोटो मार्ग नै प्रयोग गर्नु पर्नेछ । छोटो मार्ग निर्धारण भएकोमा ढुवानीकर्ताले लामो मार्ग प्रयोग गन  पाउने छैन । बाटो बन्द हुन गएको कारण पूर्व स्विकृती लिएको अवस्थामा बाहेक अन्य कुनै कारणले पनि लामो मार्ग प्रयोग गरिएमा सबै भन्दा छोटो मार्गको आधारमा मात्र ढुवानी भाडा भुक्तानी दिइनेछ ।

१८. ढुवानीकर्ताले सवारी सम्बन्धी सवै प्रचलित कानूनको पालना गर्नु पर्नेछ । प्रचलित ऐन कानून बमोजिम पाउनु पर्ने सबै सुविधाहरू ढुवानीकर्ताले आफ्नो चालक तथा कर्मचारीहरूलाई प्रदान गर्नु पर्नेछ । यसको सम्पूर्ण दायित्व ढुवानीकर्ताको हुनेछ ।

१९. यो करारनामाको व्याख्याबारे कुनै विवाद उत्पन्न भएमा समाधानको लागि निगमको संचालक समितिले कुनै व्यक्ति वा अधिकृतलाई तोक्ने छ । सो व्यक्ति वा अधिकृतको निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

२०. बुलेटमा लोड भएको ग्यासको गुणस्तर तथा परिमाणको सम्पूर्ण दायित्व ढुवानीकर्ताको हुनेछ । ढुवानीकर्ता वा चालक वा कर्मचारीलाई ढुवानी गरेको पदार्थको चोरी, मिसावटमा कार्यमा संलग्न रहेको पाइएमा यस विनियमावली तथा प्रचलित कानून अनुसार कारवाही गर्न सकिनेछ ।

२१. ढुवानीकर्ताको विल रकमबाट नेपाल सरकारले तोकेको दरले ठेक्का कर काटिने छ । ठेक्का कर थपघट भएमा सो थपघट भएको मिति देखि ढुवानी भाडामा पनि सोही बमोजिम ठेक्का कर रकम थपघट गरी काटिने छ ।

२२. ढुवानीकर्ताले सबै बुलेट चालक, सह-चालक र कर्मचारीको परिचयपत्र निगमबाट प्राप्त गरी आफ्ना कर्मचारीहरूलाई उपलव्ध गराउनु पर्नेछ । यो परिचयपत्र सम्वन्धित कर्मचारीले डिपो/टर्मिनल/रिफाइनरी/प्लाण्ट पस्नु अघि अनिवार्य रुपमा लगाउनु पर्नेछ । बुलेटमा कैफियत गरी निगमबाट निष्काशित भएका चालक,सह-चालक र कर्मचारीको परिचयपत्र ढुवानी ठेकेदारले निगममा बुझाउनु पर्नेछ ।

२३. ढुवानीकर्ताले निगमको पेट्रोलियम पदार्थ गुणस्तर नियन्त्रण विनियम, २०६४, एल.पि. ग्यास विनियमावली, २०६५ तथा एल.पि. ग्यास ढुवानी विनियमावली, २०७३ को अनिवार्य पालना गर्नु पर्नेछ ।

२४. करारनामामा उल्लेख नभएका कुराहरुको हकमा एल.पि.ग्यास ढुवानी विनियमावली, २०७३ मा लेखिए बमोजिम हुनेछ ।

करारनामामा हस्ताक्षर गर्ने पक्षहरु:-

| ढुवानीकर्ताको तर्फबाट | नेपाल आयल निगमको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| मिति : | मिति : |

अनुसूची-५

(विनियम १२ को उपविनियम (२) सँग सम्बन्धित)

## करारनामा नवीकरण फाराम

मिति :-

श्री नेपाल आयल निगम लिमिटेड

……………………………………

विषय : कारारनाम नविकरण गरि पाउ ।

त्यस निगमको एल.पि.ग्यास ढुवानी विनियमावली २०७३ बमोजिम करारनामा गरी नेपाली नम्बरको बुलेट बनाई एल.पि. ग्यास ढुवानी गर्दै आएको तपशिल बमोजिमका बुलेटहरुको करारनामा नविकरण गर्न नियमानुसार लाग्ने शुल्क सहित अनुरोध गरेको छु/छौ । उल्लेखित व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरे वा फरक परेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

ढुवानीकर्ताको नाम र ठेगानाः

| सि.नं. | सम्झौता मिति | बुलेट नम्बर | क्षमता (मे.टन) | संचालन भएको रुट | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

श्री नेपाल आयल निगम लिमिटेड

... ... ... ... ... ... .... ... ... ... ।

## नवीकरण विवरण

ढुवानीकर्ताको नाम र ठेगाना :

| क.सं | टैंक ट्रकको नम्बर र क्ष | म्याद समाप्त हुने मिति | नविकरण मिति/भौचर | प्रमाणित गर्ने अधिकारीको दस्त |
|---|---|---|---|---|
| १. | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |